# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, वैशाख २४ गते २०५८ साल (संख्या ४

## भाग ३

### श्री ५ को सरकार

### जलस्रोत मन्त्रालयको सूचना

विद्युत ऐन, २०४९ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमहरूको नाम "विद्युत महसूल निर्धारण (तेस्रो संशोधन) नियमावली, २०५७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विद्युत महसूल निर्धारण नियमावली, २०५० को नियम ६ मा संशोधनः विद्युत महसूल निर्धारण नियमावली, २०५० को नियम ६ को उप-नियम (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "इन्धनको मूल्यमा" भन्ने शब्दहरू पछि "वा उपभोक्ता मूल्य सूचीमा" भन्ने शब्दहरू र "त्यस्तो इन्धनको मूल्य" भन्ने शब्दहरू पछि "वा उपभोक्ता मूल्य सूचीमा भएको" भन्ने शब्दहरू थपी सोही प्रतिबन्धात्मक वाक्यांशको अन्तमा "यसरी विद्युत महसूल परिवर्तन गर्दा साविकमा कायम रहेको विद्युत महसूलमा पाँच प्रतिशतमा नबढ्ने गरी २ वर्षमा एकपटक मात्र परिवर्तन गर्न सक्नेछ ।" भन्ने वाक्यांश थपिएको छ ।

आज्ञाले,
लोकमानसिंह कार्की
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।